नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
"निजामती कर्मचारीको प्रतिवद्धताः पारदर्शिता र चुस्तता"
(स्थानीय प्रशासन शाखा)

☎०९३-४२०१३३ प्रजिअ
☎०९३-४२०२१४ Ext
☎०९३-४२००७८ DEOC
०९३-४२००१४ फ्याक्स
email:daodarchula@gmail.com
web:daodarchula.moha.gov.np
खलंगा, दार्चुला

प.सं. २०७४।०७५
च.नं. २८२९

मिति:-२०७५।०२।३१

विषय:- सूचना टाँस गरी जानकारी पठाइ दिने बारे ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, दार्चुला ।
श्री नगरपालिका/गाँउपालिकाको कार्यालय, सबै, दार्चुला ।
श्री नेपाल पत्रकार महासंघ, दार्चुला ।

प्रस्तुत विषयमा यस कार्यालयमा दर्ता भएका गैर सरकारी संस्था दर्ता तथा नवीकरण सम्बन्धी सूचना यसै पत्र साथ संलग्न राखी पठाइएको छ । उक्त सूचना तहाँको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाई दिन हुन अनुरोध छ ।

२०७५।२।३१
शिवराज जोशी
स.प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
"निजामती कर्मचारीको प्रतिवद्धता: पारदर्शिता र चुस्तता"
(स्थानीय प्रशासन शाखा)

☎ ०९३-४२०१३३ प्रजिअ
☎ ०९३-४२०२१४ Ext
☎ ०९३-४२००७८ DEOC
०९३-४२००१४ फ्याक्स
email:daodarchula@moha.gov.np
web:daodarchula.moha.gov.np
खलंगा, दार्चुला

प.सं. २०७४।०७५
च.नं. २१२५

मिति:-२०७५/०२/३१

## गैर सरकारी संस्था दर्ता तथा नवीकरण सम्वन्धी सूचना

संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएका संघ/संस्थाहरुले गृह मन्त्रालयको मिति २०७५।०२।२५ गतेको निर्णयानुसार दर्ता तथा नवीकरण गर्दा साविकको कार्यविधि सहित देहायका निर्देशनहरु अनिवार्य रुपले पालना गर्नु पर्ने व्यहोरा अनुरोध छ ।

देहाय

१. यस कार्यालयमा दर्ता भएका गैर सरकारी संस्थाहरुले आ-आफ्नो कार्यसमितिका वर्तमान सदस्यहरुको नाम,थर ठेगानाको विवरण यो सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र यस कार्यालयमा अनिवार्य अद्यावधिक गराउने ।
२. विगत ३(तीन) वर्ष देखि नवीकरण नभएका संस्थाहरुले आर्थिक विवरणको सक्कलै प्रतिवेदन सहित आवश्यक प्रकृया पुरा गरी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र संस्था नवीकरण गराउने । सो अवधी भित्र नवीकरण हुन नआउने संस्थाहरुको हकमा दर्ता खारेजीको प्रकृया अगाडी बढाइने छ ।
३. अबदेखि गैर सरकारी संस्था दर्ता हुँदा एक भन्दा बढी क्षेत्रहरुमा काम गर्न नपाउने गरी मात्र दर्ता हुने र यस अगाडी दर्ता भई सकेका संस्थाहरुको हकमा नवीकरण गर्दा एक क्षेत्रमा मात्र गर्ने गरी उद्देश्यमा परिवर्तन गरेर मात्र संस्था नवीकरण हुने ।
४. कार्यसमितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको सम्पत्ती विवरण अनिवार्य पेश गर्ने ।
५. गैरसरकारी संस्था तथा प्रतिफल वितरण नगर्ने कम्पनीका कार्यसमितिका सदस्यहरु तथा कर्मचारीहरुको सम्पत्ती विवरण समेत बुझाउनु पर्ने र सम्पत्ती विवरण नबुझाएमा संस्था दर्ता तथा नवीकरण गर्न नसकिने।
६. राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुले गरेका काम कारवाहीको चौमासिक रुपमा प्रतिवेदन दिने प्रणालीलाई अनिवार्य रुपले पालना गर्ने ।

सम्पत्ती विवरणको फारामको नमूना www.pis.gov.np बाट हेर्न सकिने छ ।

२०७५/२/३१
प्र० प्रमुख जिल्ला अधिकारी